सुदूरपश्चिम प्रदेश सरकार

# टीकापुर अस्पताल

टीकापुर, कैलाली

## परामर्श सेवा अर्न्तगत आशयपत्र पेश गर्ने बारेको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०३/२० गते)

सर्म्पक फोन नं. ०९१-५६०४८८

यस टीकापुर अस्पतालमा १(एक) जना प्रसुती तथा स्त्रीरोग विशेषज्ञ महिला चिकित्सकको आवश्यकता भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ३० बमोजिम परामर्श सेवाको माध्यमद्धारा संक्षिप्त सूचि तयार गर्न खुल्ला रुपमा आशयपत्र माग गर्नुपर्ने भएकाले इच्छुक योग्य आशयपत्रदाताहरुको लागि उल्लेखित शर्तको अधिनमा रही रीतपूर्वक आशयपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१) इच्छुक आशयपत्रदाताले मिति २०८०/०४/०३ भित्र कार्यालय समयमा यस अस्पतालमा वा इमेल vacancythp@gmail.com मार्फत आशयपत्र दर्ता गराउनुपर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन दर्ता गर्न सकिनेछ ।

२) यस अस्पतालको अपरेशन थियटर,एच.डि.यु./आई.सि.यु.,इमर्जेन्सी प्रसुती वार्ड तथा ओ.पि.डी.मा काम गर्नुपर्ने छ ।

३) पारिश्रमिक वाफतको रकम KOICA/RCI र SEEWAC Nepal को साझेदारीमा सञ्चालित सामुदायिक स्वास्थ्य तथा शिक्षा सुदृढीकरणको लागि पहल परियोजना कार्यक्रमबाट (मासिक रु २,२०,०००।-) उपलब्ध गराइनेछ ।

४) आशयपत्रदाताको योग्यता सम्वन्धित विषयमा स्तानकोत्तर उत्तिर्ण भई एन.एम.सि.मा दर्ता भएको हुनुपर्नेछ । आशयपत्रदाताको उमेर ४५ वर्ष ननाघेको हुनुपर्नेछ र प्रचलित कानुनद्धारा अयोग्य नभएको हुनुपर्नेछ ।

५) फेलोशिपसंग सम्वन्धित प्रमाणपत्र (उपलब्ध भएमा) र कार्य अनुभवका प्रमाणपत्रको प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

६) रीत नपुगेको वा म्याद नाघि आएको वा कुनै किसिमको शर्त राखि प्राप्त हुन आएको आशयपत्र माथि कुनै कारवाही गरिने छैन ।

७) सम्झौता अवधिको पहिलो ६ महिना सम्म कार्यसम्पादन मूल्यांकनका आधारमा Dec 31 2025 (2082-09-16) सम्म म्याद थप गर्न सकिनेछ ।

८) संक्षिप्त सूचिमा पर्न सफल आशयपत्रदाताहरुसंग मात्र परामर्श सेवा खरिद सम्बन्धी प्रस्तावहरु माग गरिनेछ ।

९) आशयपत्रको साथ नागरिकता, प्रसुती तथा स्त्रीरोग विषयमा स्नातकोत्तर गरेको शैक्षिक प्रमाणपत्रहरु,ट्रान्सक्रिप्ट, प्रसुती तथा स्त्रीरोग नेपाल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र लगायतका अन्य आवश्यक प्रमाणपत्रहरुका प्रतिलिपिहरु पेश गर्नुपर्नेछ ।

१०) तालीम सेमिनारमा सहभागी भएको प्रमाणपत्रहरु पेश गर्नुपर्नेछ ।

११) पारिश्रमिक वाहेकका अन्य भौतिक तथा आर्थिक सुविधाहरु सम्झौतामा उल्लेख भए बमोजिम हुनेछन् ।

११) आशयपत्र सम्वन्धी अन्य थप कुराहरु बुझनु परेमा यस अस्पतालको कार्यालय समय भित्र फोन नं. ०९१-५६०४८८ मा सम्पर्क राखि बुझ्न सकिनेछ ।

१२) माथि उल्लेखित शर्त वाहेक अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (१२ औं संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१२ औं संशोधन सहित) बमोजिम हुनेछन् ।

१३) सुविधायुक्त आवास सुविधा उपलब्ध गराईनेछ ।

१४) अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार सम्वन्धित विभागको OT/CAC/Procedure Incentive उपलब्ध गराईनेछ ।

१५) वाह्र (१२) महिना विशेषज्ञ सेवा पुरा गरे पश्चात थप एक महिनाको पारिश्रमिक रु २,२०,०००।- बोनस उपलब्ध गराईनेछ ।

१६) प्रायोजकले छोटो समयको लागि कोरियाको प्रतिष्ठित अस्पतालमा अवलोकन भ्रमण गराउन सक्नेछ ।

मेडिकल सुपरिन्टेन्डेण्ट

टीकापुर अस्पताल
टीकापुर, कैलाली ।